म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२९ बिहीबार, १० पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 25 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एकसय रुपैयाँमा शाकाहारी खाना

हेटौंडा, ९ पुस/बागमती प्रदेशको राजधानी हेटौंडामा सुपथमूल्यमा खान खुवाउने उद्देश्यका साथ बुधबारदेखि भट्टी चुल्हो सञ्चालनमा आएको छ । एकसय रुपैयाँमा साकाहारी खाना दालभात, तरकारी, अचार खुवाउने उद्देश्यले समाजसेवी सिद्दिलाल श्रेष्ठले हेटौंडा-४ मा यो ब्यवसाय सञ्चालन गर्ने सोच बनाएका छन् । श्रेष्ठको यो सामाजिक भावनालाई युवा ब्यवसायी प्रबीण श्रेष्ठ र अमृत श्रेष्ठले साकार रुप दिएका छन् । बुधबार सिद्दिलाल श्रेष्ठले सुलभ खाना खाएर यसको सुभारम्भ गरिएको हो । हरेक दिन विहान ९ बजेदेखि दिउँसो १ बजेसम्म खाना खुवाउने र अधिपछि रेष्टुरेन्ट सञ्चालन गर्नेगरी भट्टी चुल्हो सञ्चालनमा आएको हो । हेटौंडा-४ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको ठीक अगाडिपट्टी होटल खुलेको हो । सुलभ मूल्यमा हेटौंडामा खाना खुवाउने र सर्वसाधारणलाई सेवादिने उद्देश्यले भट्टी चुल्हो ३० लाख रुपैयाँको लगानीमा सञ्चालन गरिएको हो । एक कठ्ठा क्षेत्रफल जमिनमा स्थानीय सामग्रीको उपयोग गरी आकर्षक ढंगबाट यो होटल सञ्चालन गरिएको छ ।

थाहाको 'चित्लाङ भ्यू टावर' बुधबारदेखि सञ्चालनमा

# भ्युटावरलाई थाहा नगरले व्यवस्थापन गर्छ: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता



हेटौंडा, ९ पुस/ मकवानपुरको थाहा नगरपालिका-९ मा निर्माण गरिएको 'चित्लाङ भ्यू टावर' बुधबारदेखि संचालनमा आएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्घाटन गरेसँगै 'भ्यू टावर' संचालनमा आएको हो । मुख्यमन्त्री बानियाँले चित्लाङ भ्यू टावरले थाहा नगर पालिकाको पर्यटनक्षेत्रको विकासमा योगदान पुऱ्याउने बताए । पर्यटकीय नगरीको पहिचान बनाउन सफल थाहा नगरको पर्यटन विकासमा विगतदेखि नै प्रदेश सरकारले सहयोग पुऱ्याउँदै आएको चर्चा गर्दै उनले पर्यटनक्षेत्रका पूर्वाधार निर्माण गर्न सरकारले बजेट विनियोजन गर्दै आएको बताए । मुख्यमन्त्री बानियाँले संघीयताको प्रभावकारी कार्यान्वयनमा प्रदेश र स्थानीय तहले सहकार्यको नयाँ नीति अवलम्बन गर्नुपर्ने बताएका छन् ।

उनले प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई 'आर्थिक र विकासको साझेदार'का रुपमा अघि बढाउनुपर्ने बताए । उनले संघीयता कार्यान्वयनमा प्रदेश र स्थानीय तहले प्रशासनिक क्षेत्रमा मात्र नभई आर्थिक तथा विकासका काममा सहकार्यको नयाँ नीति अवलम्बन गर्नुपर्ने उल्लेख गरे । प्रदेशले ७० प्रतिशत र स्थानीय तहले ३० प्रतिशत बजेट बेहोर्ने गरी विकासका ठूला आयोजनामा साझेदारी गर्न सकिने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले विगतमा प्रदेश सरकारले बनाएका कतिपय संरचना व्यवस्थापनको अभावमा बेवारिसे बनेको र ती संरचना स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने अवस्था रहेको बताए ।

स्थानीय तहले योजनाको अपनत्व लिउन् भन्ने प्रदेशको चाहना भएको उनले उल्लेख गरे । भ्युटावरलाई व्यवस्थापन गर्ने जिम्मा थाहा नगरकै भएकोले आवश्यक पर्ने बजेट प्रदेश सरकारले विनियोजन गर्ने उनले प्रतिबद्धता व्यक्त गरे । 'स्थानीय तहले योजनाको अपनत्व लिउन् भन्ने प्रदेशको चाहना हो । तपाईंहरुले ३ करोडको हिम्मत गर्नुभयो भने प्रदेश सरकार ७ करोड थपेर १० करोडको आयोजना सम्पन्न गर्न तयार छ । यसले स्रोतको सही सदुपयोग र विकासमा तीव्रता दिनेछ' उनले भने-'प्रदेशले विकास र संरचना बनाएर मात्र हुँदैन । त्यसलाई जोगाउने र चलाउने काम स्थानीयले लिनुपर्छ । थाहा नगरमा बनेको यो संरचना अब नगरपालिकाको सम्पत्ति हो । यसको सफल सञ्चालनले नै संघीयतालाई बलियो बनाउँछ ।'

विकासमा एकताको नयाँ भाष्य निर्माण गर्नुपर्नेमा उनले जोड दिए । मकवानपुरको (दामन, पालुङ, चित्लाङ) लाई पर्यटनको हब बनाउन प्रदेश सरकारले विशेष लगानी गर्ने उनले प्रतिबद्धता व्यक्त गरे । काठमाडौं-चन्द्रागिरि-थाहा नगरको कनेक्टिभिटीले यो क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने उनको भनाइ छ । 'सडक र बिजुलीमा कांग्रेस वा एमालेको लेबल हुँदैन । निर्वाचनमा एजेन्डा फरक हुन सक्छन् । तर, विकासको धारामा सबैले एउटै पानी खाने हो । त्यसैले विकासमा विग्रह होइन, सहकार्य गरौं' उनले भने । कार्यक्रममा संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले प्रदेश सरकारले आन्तरिक एवम् बाह्य पर्यटक आकर्षित गर्न पर्यटन क्षेत्रमा लगानी गर्दै आएको बताए ।

थाहा नगरप्रमुख विष्णु विष्टले चित्लाङ भ्यू टावरले थाहा नगरपालिकामा आन्तरिक एवं बाह्य पर्यटक आकर्षित हुने विश्वास व्यक्त गरे । भ्यू टावर संचालन गर्न प्रदेश सरकारले थाहा नगरपालिकालाई गत सातामात्र हस्तान्तरण गरेको थियो । भ्यूटावर सञ्चालन तथा व्यवस्थापनका लागि थाहा नगर पालिकासँग पर्यटन विकास आयोजनाले सम्झौता गरेको छ । सम्झौताअनुसार थाहा नगरपालिकाले भ्यूटावर सञ्चालन, उपयोग तथा व्यवस्थापनका लागि आफै वा अन्य संघसंस्था वा समितिलाई ठेक्कामा लगाउन सक्ने व्यवस्था छ । यसरी सञ्चालन गरिएको टावरबाट भएको आम्दानीको ३० प्रतिशत रकम बागमती प्रदेश सरकारका राजस्व खातामा अर्धवार्षिक रुपमा जम्मा गर्नुपर्ने सम्झौतामा उल्लेख गरिएको छ ।

आम्दानीको ७० प्रतिशत रकम भने थाहा नगरपालिकाको हुने सम्झौता भएको छ । १० बुँदे सम्झौतामा पर्यटन प्रवर्द्धनबाहेकको उद्देश्यमा संरचना प्रयोग गर्न नपाइने स्पष्ट पारिएको छ । चित्लाङ भ्यूटावरको मर्मतसंभार गर्नुपर्ने अवस्था भएमा थाहा नगरपालिका समेतको प्रविधिको सहभागितामा तयार गरिएको लागत अनुमान बमोजिम एकपटकका लागि बागमती प्रदेशको पर्यटन मन्त्रालयबाट गराउने सम्झौतामा उल्लेख छ । प्रदेश सरकारले 'चित्लाङ हिलस्टेसन' प्याकेज कार्यक्रमअन्तर्गत भ्यू टावर निर्माण अघि बढाएको थियो । परियोजनामा भ्यू टावरसँगै क्रियसन हल, शौचालय, रिटेनिङ वाल, गेट, गार्ड हाउस तथा अन्य सहायक संरचना निर्माण गरिएको छ ।

भ्यू टावर निर्माण पाँच करोड २७ लाख ४७ हजार ८ सय ५२ रुपैयाँमा गरिएको हो । गत मंसिर २४ गते पर्यटन विकास आयोजना हेटौंडा र थाहा नगर पालिकाबीच भ्युटावर सञ्चालन तथा व्यवस्थापनको सम्झौता भएको थियो । सम्झौताअनुसार भ्युटावर थाहा नगरपालिका आफैंले वा अन्य सेवाप्रदायकमार्फत सञ्चालन गर्न सक्ने व्यवस्था छ । बागमती प्रदेश सरकारले 'चित्लाङ हिलस्टेसन प्याकेज कार्यक्रम' (२०७६-२०७८) अन्तर्गत भ्युटावर निर्माणको काम अघि बढाएको थियो ।

यससँगै प्रदेश सरकारले २०७६ सालदेखि हालसम्म १३ जिल्लामध्ये मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, चितवन, रामेछाप, सिन्धुली, धादिङ र दोलखा गरी ९ जिल्लामा ११ वटा भ्यू टावर निर्माण गरिसकेको छ । यी भ्यू टावरनिर्माणमा प्रदेश सरकारले ३२ करोड ८४ लाख तीन हजार तीन सय ३९ रुपैयाँ लगानी गरेको छ । ११ वटा भ्यू टावरमध्ये ५ वटा संचालनमा आइसकेको पर्यटन विकास आयोजना हेटौंडाका प्रमुख रोशन श्रीवास्तवले बताए ।

# भुटनदेवीका निजीस्रोत शिक्षक, कर्मचारी सामाजिक सुरक्षा कोषमा आवद्ध



साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/देशकै पहिलो सामुदायिक विद्यालयको रुपमा हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) ले निजीस्रोतमा कार्यरत् १३ जना शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराएको छ ।

दुई शैक्षिकसत्र पुरा गरेका शिक्षक तथा कर्मचारीलाई विद्यालयले सामाजिक सुरक्षा कोषमा आबद्ध गराएको हो । बुधबार औपचारिक कार्यक्रम गरी जिफण्ट केन्द्रीय अध्यक्ष विनोद श्रेष्ठ र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिग्देलले कोषमा आबद्ध ६ जना शिक्षक र ७ जना कर्मचारीलाई परिचयपत्र (कार्ड) वितरण गरेका छन् । कोषको लागि विद्यालयले छुट्टै कोष बनाएको र त्यसमा हरेकवर्ष रकम जम्मा गरिने विद्यालयका प्रधानाध्यापक सूर्यप्रसाद घिमिरेले जानकारी दिए । विद्यालयमा शिक्षक टिकाउन र भविष्यको सुनिश्चित्त गर्न कोषको अवधारणा ल्याइएको उनले बताए । कोषमा विद्यालयको तर्फबाट २० प्रतिशत र कर्मचारीको तर्फबाट ११ प्रतिशत रकम जम्मा गरिने ४ नं. वडा अध्यक्ष एवम् व्यवस्थापन समितिका अध्यक्ष सिग्देलले जानकारी दिए ।

अध्यक्ष सिग्देलले विभिन्न चरणमा छलफल गरी निश्चित मापदण्ड बनाएर कोषमा आबद्ध गराइएको बताए । कोषमा आबद्ध गराउनु मात्र ठुलो नभई टिकाई राख्नु ठुलो भएको उनको भनाई छ । अध्यक्ष सिग्देलले सामाजिक सुरक्षा कोष ३६ सालमा भएको शिक्षक आन्दोलनको उपलब्धि भएको धारणा राखे । कार्यक्रममा जिफन्टका केन्द्रीय अध्यक्ष श्रेष्ठले हालसम्म २७ लाख श्रमिकलाई कोषमा आबद्ध भएको बताए । यो वर्षदेखि ६० वर्ष उमेर हद नाघेको श्रमिकले पनि पेन्सन पाएको उनले उल्लेख गरे । अध्यक्ष श्रेष्ठले कोषको विषयमा अझै पनि श्रमिक, रोजगारदाता, सरकारलाई पनि बुझाउन नसकिएको जिकिर गरे ।

चुनावी घोषणापत्रमै सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने प्रतिबद्धता व्यक्त गर्नेहरुले नै अलमलमा पर्ने गरेको उनले बताए । अध्यक्ष श्रेष्ठले काम गर्न सुरु गरेको पहिलो दिनदेखि नै कोषको सेवासुविधा पाउनुपर्ने आफूहरुको माग रहेको जिकिर गरे । विद्यालयको यस पहलले अन्य सामुदायिक विद्यालयलाई पनि शिक्षक र कर्मचारीको सामाजिक सुरक्षाप्रति गम्भीर बन्न उत्प्रेरित गर्ने अपेक्षा गरिएको उनले बताए ।

विद्यालय प्रशासनले सीमित स्रोतका बाबजुद पनि मानव संसाधनको सुरक्षालाई प्राथमिकतामा राख्दै यो ऐतिहासिक निर्णय लिएको स्पष्ट पारेको छ । विद्यालय नेतृत्वले आगामी दिनमा थप शिक्षक तथा कर्मचारीलाई समेत चरणबद्धरुपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गराउँदै जाने योजना रहेको जानकारी दिएको छ ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष एवम् १० नं. वडाअध्यक्ष फुर्वादोर्जे लामा, १५ नं. वडाअध्यक्ष सुनिल मोक्तान, विद्यालयका शिक्षक कर्मचारीको उपस्थिति रहेको थियो । नेपाल सरकारले सामाजिक सुरक्षा कोष नियमावली, २०६७ बमोजिम कोषको स्थापना गरेको थियो । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तर्जुमा भई कार्यन्वयनमा आएपश्चात हाल सोही ऐन बमोजिम कोषले कार्य सञ्चालन गरिरहेको छ । योगदानमा आधारीत सामाजिक सुरक्षाका योजना तर्जुमा तथा कार्यन्वयन गरी सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु सामाजिक सुरक्षा कोषको उद्देश्य हो ।

# हेटौंडामा १२ औं सडक खाना महोत्सव पुस १३ देखि




साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/ मकवानपुर होटल एसोसिएसन, हेटौंडाको आयोजनामा १२ औं सडक खाना महोत्सव यही पुस १३ गतेदेखि सुरु हुने भएको छ ।

'सडकमै जाऔं, सडकमै खाऔं, सडकमै रमाऔं' भन्ने नारासहित आयोजना हुने महोत्सव पुस १६ गतेसम्म चारदिन सञ्चालन हुनेछ । महोत्सवको तयारीबारे जानकारी दिन बुधबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष दिलिस गोविन्द जोशीले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताए । हुप्रचौरको खेलमैदानदेखि पूर्वतर्फको उत्तर-दक्षिण सडकक्षेत्रमा महोत्सव आयोजना गरिने बताइएको छ । महोत्सवको समुद्घाटन पुस १३ गते अपराह्न ४ बजे संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले गर्ने कार्यक्रम तय भएको छ ।

महोत्सवमा पौराणिक संस्कृतिदेखि आधुनिकसम्मका विभिन्न जातीय परिकार एकै स्थानमा पाउन सकिने आयोजकले जनाएको छ । महोत्सवमा करिब ६० वटा स्टल रहनेछन् । रैथाने परिकारका १० वटा स्टल नि:शुल्क उपलब्ध गराइनेछ भने अन्य स्टलका लागि चार दिनको १० हजार रुपैयाँ शुल्क तोकिएको अध्यक्ष जोशीले जानकारी दिए । महोत्सव सञ्चालनको अनुमानित लागत खर्च करिब १५ लाख ७२ हजार रुपैयाँ रहेको आयोजकले जनाएको छ । महोत्सवबाट ७० देखि ८० लाख रुपैयाँसम्मको कारोबार हुने अपेक्षा गरिएको छ ।

महोत्सवको स्थानीय तथा बाहिरी जिल्लाका साथै सीमावर्ती छिमेकी भारतबाट समेत अवलोकनकर्ताको सहभागिता हुने अनुमान गरिएको छ । महोत्सवका लागि हेटौंडा उपमहानगरपालिकाबाट ४ लाख रुपैयाँ र सम्बन्धित मन्त्रालयबाट १ लाख ५० हजार रुपैयाँ प्राप्त हुने जानकारी दिइएको छ । कार्यक्रममा स्थानीय तथा राष्ट्रिय कलाकारको नृत्य, गायन र ब्याण्ड प्रस्तुतिमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गरिनेछ ।






साझाकुरा

## हाम्रो कुरा

# विशेष अनुदानका योजना

पहुँचवाला नेताको गृहजिल्लामा मात्र विकासका बजेट खर्चने प्रबृत्तिको अन्त्य गर्न सरकारले नीतिगत रुपमा बजेट बिनियोजनलाई कस्दै गएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका र नगरपालिकालाई संघीय समपूरक अनुदान र विशेष अनुदानका लागि कार्यक्रम प्रस्ताव गर्न आग्रह गरेको छ । समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट प्रस्ताव आह्वान गरिएको हो । नयाँ आर्थिक वर्षका लागि बजेट निर्माण गर्न माघ मसान्तभित्र समपूरक र विशेष अनुदानअन्तर्गत सञ्चालन हुने कार्यक्रमका लागि प्रस्ताव पेस गर्नुपर्ने समयसीमा रहेको छ । सोही आधारमा मन्त्रालयले ती अनुदान कार्यक्रमअन्तर्गत कार्यान्वयन हुने आयोजना र कार्यक्रमका लागि प्रस्तावसहित विवरण तयार पारी पेस गर्न भनिएको हो । त्यस्तो प्रस्ताव आगामी माघ मसान्तभित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको विद्युतीय प्रणालीमार्फत् पेस गर्न मन्त्रालयले आग्रह गरेको छ । बजेट निर्माणका लागि विभिन्न समयसीमा निर्धारण गरिएको छ । आयोगकाअनुसार समपूरक अनुदानका लागि प्रदेश र स्थानीय तहले कृषि पूर्वाधारलाई प्राथमिकता दिन सक्ने छन् । जसमा कृषिउपज प्रशोधन, भण्डारण र बजारीकरणसम्बन्धी पूर्वाधारमा बजेट माग गर्न सकिने भएको छ । त्यस्तै खानेपानी र सरसफाइ, सिँचाइ तथा नदी नियन्त्रण, फोहोरमैला प्रशोधन र व्यवस्थापन तथा शैक्षिक पूर्वाधारमा आयोजना माग गर्न सकिने छ ।

पर्यटन पूर्वाधार, मध्यवर्ती क्षेत्र विकास, विद्युत्, ऊर्जा, विज्ञान तथा प्रविधि विकास पूर्वाधार तथा स्वास्थ्य पूर्वाधारमा बजेट माग गर्न सकिने आयोगले जनाएको छ । आयोगकाअनुसार आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन, ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण लागत अनुमान निकालिएको हुनुपर्छ । तर, १० करोड रुपैयाँभन्दा माथिको लागत अनुमान भएका आयोजना वा कार्यक्रमका हकमा विस्तृत आयोजना प्रतिवेदन समावेश गर्नुपर्ने सर्त राखिएको छ । आयोजना वा कार्यक्रमको प्रचलित कानुनबमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र त्यस्तो प्रतिवेदन स्वीकृत भएको सम्बन्धित तहको पत्रसमेत आवश्यक हुने आयोगले उल्लेख गरेको छ । आयोगकाअनुसार क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिर्नुपर्ने भएको छ । प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधिभित्रै सम्पन्न गर्नुपर्ने छ । त्यसो गर्न नसके आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने सूचनामा उल्लेख छ । तलबभत्ता, मसलन्द लगायत साधारण खर्च तथा ऋण भुक्तानी, कुनै राजनीतिक तथा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना र कार्यक्रम वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने आयोजना र कार्यक्रममा केन्द्रले बजेट नदिने आयोगले स्पष्ट पारेको छ । न्यूनतम सीमाभन्दा कम कुल लागत भएका आयोजना प्रस्ताव गर्न पाइने छैन । आयोगकाअनुसार विशेष अनुदानका हकमा शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि, आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा सरसफाइमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न सकिने भएको छ । आर्थिक, सामाजिक वा अन्य कुनै पनि प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासका लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पाकदत्व वृद्धि र आयआर्जन तथा जीविकोपार्जन सुधारका कार्यक्रम प्रस्ताव गर्न सकिने आयोगले स्पष्ट पारेको छ । यस्ता आयोजना पूर्वतयारी पूरा गरिएका हुनुपर्ने छ ।

क्रमागत आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । समयमा कार्यक्रम नसकिए त्यसको लागत स्वयं प्रदेश वा स्थानीय सरकार हुनुपर्ने छ । चालु प्रकृतिको खर्च तलबभत्ता, ऋण भुक्तानीजस्ता प्रयोजनमा विशेष अनुदान प्रदान नगरिने आयोगले स्पष्ट पारेको छ । यस्ता आयोजना उपभोक्ता समितिबाट खर्च गर्न पाइँदैन । स्थानीय तथा प्रदेश सरकारले वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्छ । आयोजनामा दोहोरोपन हुने गरी सिफारिस गर्न पाइँदैन । सरकारले हरेक वर्ष तल्ला सरकारलाई विभिन्न चार प्रकारका अनुदान दिने गर्छ । यसमध्ये वित्तीय समानीकरण अनुदान र ससर्त अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिसका आधारमा दिने गरिन्छ । समपूरक र विशेष अनुदानका हकमा भने आयोगले सिफारिस गर्ने प्रचलन छ । वित्त आयोगले हरेक वर्ष वित्तीय समानीकरण अनुदान बढाउन र ससर्त, समपूरक र विशेष अनुदान घटाउँदै जान सुझाव दिने गरेको छ । समानीकरण अनुदान प्रदेश र स्थानीय सरकारहरुले आफ्नो प्राथमिकता अनुसार खर्च गर्न स्वतन्त्र हुन्छन् । अन्य अनुदानमा भने संघ सरकारका विभिन्न प्रकारका सर्त कायम हुन्छन् ।

# तीन भेटवार्ता र वर्चस्वको लागि संघर्ष



✍झलक सुवेदी

कमरेड मोहनविक्रम सिंह र उनको उपन्यास जलजलामाथि केही लेख्ने विचार गरिरहेकै समयमा सम्पादक बसन्त बस्नेतसँग ह्वाट्सएपीय मुलाकातको अवसर जुट्यो । छोटो संवाद पछि नै विषय बदलिएर सामयिक राजनीतितिर सोफ्तिन गयो जुन यो लेखकका लागि त्यति उत्साहप्रद थिएन । म ९१ वर्ष पूरा हुन लागेका एकजना सिद्धान्तनिष्ठ कम्युनिष्ट नेता कमरेड सिंह र उनले जीवनमा अनुभव गर्दै हासिल गरेको ज्ञानको सतही मीमांसा गर्ने सरल उपायको खोजीमा थिएँ । अनि यो घनघोर घुमैँलो समयको, अस्पष्ट भविष्यका चित्रहरू देखाउने रङ लत्पतिएको एब्स्ट्र्याक्ट आर्टको क्यानभासजस्तो राजनीतिका विषयमा टिप्पणी लेख्न बिलकुल तयार पनि थिइनँ । योभन्दा त डेढसय वर्ष पहिले लेखिएको चेर्निशेव्स्कीको विश्वप्रसिद्ध उपन्यास 'के गर्ने' की पात्र बेरामाथिको चर्चा यतिबेलाका लागि चाखलाग्दा हुन्थे । किनपनि भने म यतिबेला के गर्ने भन्ने प्रश्नले भित्रभित्र लघारिएको छु ।

समग्र विश्व राजनीतिका दृश्यहरू खजमजिएका छन् । वर्ल्ड सिस्टमलाई नयाँ प्रविधि र ट्रम्पीय अनुदारवादको सिस्मिक वेभले पृथ्वी हल्लाए झैं हल्लाउँदै गरेको छ । त्यसका बाछिटा समेतले हाम्रो समकालीन अर्थतन्त्र, समाज, संस्कृति र राजनीतिलाई प्रभावित गरिरहेको छ । यहाँ के हुँदैछ भनेर अनुमान लगाउन पनि शास्त्रीय चिन्तनको झ्यालबाट मुण्टो बाहिर निकालेर हेर्नुपर्ने स्थिति छ । यो उल्झनमा धकेलेकोमा बसन्तलाई धन्यवाद दिँदै यहाँ म यसै साता अचानक विकसित केही तीव्र गतिका दृश्यहरूलाई समीक्षा गर्ने प्रयास गर्ने छु ।

### १. देउवा-ओली दोस्रो भेट

कस्तो भने ओली आफैं देउवाकहाँ भेट्न गएकोले ओलीले देउवा भेटेको मानिएपनि वास्तवमा यसलाई देउवाले ओलीसँग भेटेको भन्दा पनि उत्तिकै अर्थ राख्छ । केही दिनको बीचमा एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवा बीचको यो दोस्रो भेट हो । भेटपछि सार्वजनिक भएका र अनुमान गरिएका सूचना अनुसार दुवैका बीच संसद पुनर्स्थापना गरेर राजनीतिलाई आफ्नो सदावहार वर्चस्वको खेलभित्र ल्याउनेमा सहमति छ । त्यसका लागि एक अर्कालाई सहयोग गर्ने र अरू सहयोगी संस्था तथा शक्तिहरू परिचालन गर्ने सहमति भएको छ । त्यसैअनुरूप ५७ जना कांग्रेस सांसदको हस्ताक्षर (जुन अहिले ६५ पुगिसकेको छ) सहित संसद पुनर्स्थापना सम्बन्धी पूरक रिट दर्ता समेत भइसकेको छ । यी दुई दलले २०४७ वैशाखदेखि स्थापित गरेको वैचारिक तथा राजनीतिक दलगत वर्चस्वलाई भत्काउने गरी भएका भदौका घटना र त्यसका आन्तरिक प्रभावलाई निस्तेज पार्न सफल भएका दुवै नेता अब आफ्ना चिरपरिचित सत्तालम्पट इच्छाहरूलाई वैधानिकता दिन चाहन्छन् ।

अघिल्लो साता मात्र पार्टीको महाधिवेशनबाट अर्को पाँचवर्षका लागि अध्यक्ष बन्न सफल भएका कमरेड ओली यस बीचमा फागुन २१ को चुनाव हुन नदिने, संसद पुनर्स्थापना गर्ने र भदौ २२ तिर फर्केर भदौ २३ र २४ लाई राजनीतिको इतिहासबाट मेट्ने प्रयासमा सक्रिय छन् । सपथ समारोहमा उनले दिएको अभिव्यक्ति चुनाव भए भाग लिने भन्ने पातलो पर्दा हालेर देशलाई भदौ २२ मा फर्काउने लक्ष्य सम्प्रेषण गर्ने प्रयास थियो । उता पार्टीभित्र विशेष महाधिवेशनको माग र नेतृत्व परिवर्तनको लागि दबाब बढ्दै गएपछि उपसभापति खड्कालाई कार्यवाहक दिएर सिंगापुर उडेका कांग्रेस सभापति देउवाले उतैबाट पार्टीलाई विस्तारै आफ्नो कब्जामा लिन सफल भएका थिए ।

पार्टीको केन्द्रीय समितिको बैठकलाई महाधिवेशनबारे निर्णय गर्न महिनौंसम्म रोक लगाइएको थियो । अहिले पनि उनी तोकिएको समयमा महाधिवेशन नगर्ने, ओलीसँग सहकार्य गर्दै सर्वोच्चबाट आफ्नो पक्षमा मुद्दा फैसला गराउने र फेरि प्रधानमन्त्री बन्ने क्षुद्र चाहना पूरा गर्न संकल्पित छन् । कमसेकम उनी सिंगापुरबाट फर्केपछिका गतिविधिले यसलाई पुष्टि गर्छन् । यसरी यस साता पुरानो सरकारका प्रतिनिधि यी दुई पक्षबीचको भेट राजनीतिलाई फेरि भदौ २२ (अनिवार्य छ कि २२ पछि २३ र २४ अफ भद्दा प्यारोडी बनेर दोहोरिनेछन्) तिर फर्काउन सक्रिय रहेको छ । चुनावको वातावरण छैन भन्ने न्यारेटिभ स्थापना गरेर समाजमा अनिश्चितता र भयको वातावरण सिर्जना गर्ने र क्रमश: सुशीला सरकार विस्थापित गर्दै सर कार बनाउने प्रपञ्चमा लागेको यो समूह अहिलेको राजनीति र भावी पुस्ताको जीवनका लागि पनि एउटा पर्खाल बन्ने प्रयासमा छ ।

जो वर्तमान संकटका कारण हुन्, जसको शासनका कारण भदौ अन्तिम साताका राजनीतिक बाढीपैहिरो देशले बेहोर्नुपरेको थियो उनीहरू फेरि षड्यन्त्र र धोकाधडीका माध्यमबाट देशलाई उतै फर्काउने ध्याउन्नमा छन् । प्रत्यक्षमा राजनीतिले प्रतिवको माग गरिरहेको छ । समग्रमा देउवाले नबोलेरै र ओलीले हंगामा खडा गरेर यो साता फागुन २१ मा निर्धारित निर्वाचन हुन सम्भव छैन, हुँदैन भन्ने मनोविज्ञानको धुँवा क्षितिजसम्मै फैलाउन कोशिश गरेका थिए । तर त्यो धुँवाको पर्दा अरू दुई वटा भेटले पातलो बनाउँदै छन् ।

### २. रवि-बालेन भेट

संयोग नै हो कि ओलीले अध्यक्ष पदको सपथ लिएकै समयमा रवि लामिछाने जेलबाट रिहा हुँदै थिए । रविमाथिको अभियोग कति पुष्टि हुन्छ-हुन्न भन्ने विषय अदालतको क्षेत्राधिकार को विषय भएकोले यता चर्चा गरिरहनु परेन । तर उनी जेलबाट बाहिरिएसँगै जुन सक्रियता देखाएका छन्, त्यसले देउवा-ओली समीकरणबाट निर्मित भाष्यलाई चुनौती दिएको छ । त्यसक्रममा रविले प्रधानमन्त्रीसँग संवाद गरेर चुनावका पक्षमा दबाब र प्रोत्साहन गरेका छन् । रवि रिहा भएपछि ओलीले स्थापित गर्न चाहेको चुनाव हुन्न भन्ने रटानलाई फागुन २१ मा चुनाव हुन्छ भन्ने न्यारेटिभले जित्न थालेको छ । रविले भदौ २४ पछिको राजनीतिक ग्यापलाई भर्ने प्रयास गरेका छन् जुन ग्याप परम्परागत राजनीतिक दलको विकल्पमा आउने चुनावपछि के हुन्छ भन्ने अन्योलले सिर्जना गरेको थियो । जेनजीका अनेक उपसमूहहरू बनेर आन्दोलनको स्वामित्व लिने हैसियत गुमाउन पुगेकाले पनि उत्पन्न भएको ग्याप थियो त्यो ।

रास्वपा सभापति रवि र काठमाडौंका मेयर बालेन शाहबीच लामो भेटवार्ता भएको छ । उनीहरूले सँगै गीत गाएका छन् । केही छोटो दूरी एउटै गाडीमा सवार भएका छन् । यो भेटवार्ताले देशको राजनीतिमा देखापर्दर् गरेको नयाँ सम्भावनालाई उजागर गर्छ । धेरै संभावना छ कि रवि, बालेन र कुलमान घिसिङ समूहका बीच आगामी निर्वाचनमा सहकार्य गर्ने गरी गठबन्धन हुनेछ । यस्तो भयो भने यसले भदौ २३ र २४ का आन्दोलनको राजनीतिक स्वामित्व ग्रहण गर्नेछ । कतिपय जेनजी समूहहरू यसमा सामेल हुनेछन् । जेनजीहरू सामेल हुँदा रास्वपा समेतले एउटा राजनीतिक वैधता पाउने छ जसको उसलाई अभाव थियो । कहाँबाट आयो, के हो भन्ने प्रश्नको सामना गरिरहेको रास्वपाका लागि यो आफूलाई जनतासँग जोड्ने अवसर हुनेछ । सँगै, यसले रवि र बालेनहरूलाई बहुलवादी बन्न र बढी डेमोक्रेटिक स्पेस स्वीकार गर्न दबाब हुनेछ । सँगै यसले टुहुरो बन्दै बीचैमा हराउला जस्तो भएको जेनजी आन्दोलनलाई शक्ति प्रदान गर्दै त्यसलाई इतिहासको नमेटिने मोडका रूपमा अभिलिखित गर्न सहयोग गर्नेछ ।

एउटा सम्भावना यो पनि छ कि यो समूहले आउने निर्वाचनमा सहज बहुमत हासिल गरेर सरकार बनाउने छ । त्यसपछि के हुनेछ ? त्यसले देशको लोकतान्त्रिक स्पेस खुम्च्याउने छ कि विस्तारित गर्ने छ ? बालेन, रवि र कुलमान कुनै वैचारिक-सैद्धान्तिक परम्पराका अनुयायी देखिन्नन् । सुधार र सुशासनलाई मूल ध्येय बनाएका यिनीहरू सत्तामा पुगेपछि बाह्य शक्तिकेन्द्रबाट प्रत्यक्ष-परोक्ष प्रभावित हुनसक्दैनन् भन्ने जिज्ञासाको उत्तर उनीहरूले दिन बाँकी नै छ । बारम्बार धम्कीपूर्ण अभिव्यक्ति दिइरहने (रवि र बालेन) हुनाले आफूलाई मन नपर्नेहरूका विरुद्ध बदलाको भावले कारबाही गर्ने र संवैधानिक कानुनी शासनको सीमा अतिक्रमण गर्न सक्ने जोखिम पनि रहन्छ । ओली नेतृत्वको दक्षिणपन्थी झुकाव भएको परम्परागत समूह र रवि-बालेन नेतृत्वको पपुलिष्ट दक्षिणपन्थी समूहका बीच घातप्रतिघात सहितको ध्रुवीकरणमा नेपालको लेफ्ट लिबरल शक्ति कमजोर हुने र लोकतान्त्रिक स्पेस खुम्चिने जोखिम आगामी राजनीतिको विषयमा चर्चा गर्दा सतर्क हुनुपर्ने पक्ष हो । यी अनुमानका कुरा हुन् । मुख्य कुरा के हो भने रबि, बालेन र जेनजी नेपालको राजनीतिमा विगत ३५ वर्षदेखि जारी रहेको कांग्रेस-एमालेको शासकीय बर्चस्व तोड्न सक्रिय छन् । ओली-देउवा उक्त वर्चस्व जोगाउन संघर्षरत छन् ।

र, हाम्रो चासोका सन्दर्भमा सकारात्मक पक्ष यति हो कि रवि र बालेन बीचको भेटले देशलाई अनिश्चयबाट चुनावतिरको बाटोमा जान सहयोग गरेको छ । देश जानुपर्ने त्यतै हो । यसमा कसको जीत र कसको हार हुन्छ भन्ने मुख्य प्रश्न हुनुहुँदैन (सैद्धान्तिक रूपमा त यस्तो चासो हुनुनैपर्छ) । निर्वाचित संसद मार्फत जनप्रतिनिधिहरू फेरि शासन सत्तामा फर्कने छन् । संविधानले लय समात्ने छ । जीत हार त जनताको छनोटको विषय हो जो पनि आउन या फालिन स्वतन्त्र छ ।

### ३. शीतल निवासको शिखर वार्ता

भदौ २७ मा बहिर्गमित प्रधानमन्त्री, संकट र दबाबमा रहेका राष्ट्रपति, संविधानको अघोषित संरक्षक बन्न पुगेका प्रधान सेनापति र जेनजी विद्रोहका दृश्य अदृश्य खेलाडीहरूका बीच भएको रुची अरुची सहितको सहमतिले एउटा भ्याकुम रहेको समयमा प्रधानमन्त्रीका रूपमा सुशीला कार्कीले नागरिक सरकारको नेतृत्व सम्हलिन् । विद्रोही पक्षको प्रतिनिधित्व गरेकी प्रधानमन्त्रीले पहिलो निर्णयबाटै प्रतिनिधिसभा विघटनको सिफारिस गरिन् । सरकार र संसदबाट समेत लखेटिएका राजनीतिक दलका नेताहरू खासगरी ओली, देउवा र प्रचण्डको मुख हेर्न मन नलागेको भन्दै ललकार्दै चुनाव गराउन हिंडिन् । प्रधानमन्त्री कार्कीले नबुफेको के कुरा थियो भने उल्लेखित तीन जना नेता उनीहरूको दलले पत्याउने बेलासम्म राजनीतिका निर्णायक खेलाडी हुन् र उनीहरू सहभागी नभएको निर्वाचनले राजनीतिक वैधता पाउँदैन । बालुवाटार र गुण्डुका बीच शब्दयुद्धले समकालीन राजनीतिलाई अशिष्ट र असभ्य बनाइरहेको थियो ।

दुई पक्षका बीचको जोगी भैंसीको कथाले मंगलबार राष्ट्रपति पौडेलको पहलमा भएको वार्तापछि नयाँ मोड लिएको छ । आफ्ना विरुद्ध सरकार लागेको भन्ने कथ्य बेच्दै गरेका ओलीले जाँचबुझ आयोगलाई गुण्डुमै आएर आफूलाई भेट्न निम्तो पठाएका छन् । शीर्ष नेतृत्वका बीच बालुवाटारमै थप भेटघाट हुने चाँजो मिलाइएको छ । थोरै बादल फाटेको छ । यद्यपि, देउवा-ओली गठबन्धनले चुनावमै नगई फेरि प्रधानमन्त्री बन्ने बाटोमा जान जोड दिएका छन् । तर अब व्यवहारिक रूपमा समेत यो सम्भव देखिन्न । यो सामान्य अवस्थामा केपी ओलीले दुई पटक संसद विघटन गर्न लिएको निर्णय जस्तो अवस्था होइन । एउटा असामान्य संकटबाट देशलाई उद्धार गर्न गरिएको संकटकालीन व्यवस्थापन अन्तर्गतको निर्वाचन हो । संसद विघटन पनि त्यसकै एउटा अंग हो । त्यसैले पनि संवैधानिक अदालतले सहज अवस्थामा जस्तो संविधानका धारा मात्र हेरेर प्राविधिक रूपमा फैसला गर्ने अपेक्षा गरिएको छैन ।

शीतल निवासको शिखरवार्ताले पनि चुनावलाई नै बल पुग्नेछ भन्नेमा म चाहिँ थप विश्वस्त छु । सुरक्षाको प्रश्न आफ्ना सस्तो सत्ताकांक्षालाई ढाकछोप गर्ने ओली-देउवा प्रपञ्च मात्रै हो । चुनाव हुन सम्भव छ र हुनुपर्छ । समग्रमा पछिल्ला घटनाक्रमले स्थापित संस्थापन पक्ष र आउटसाइडर पपुलिष्टहरूका बीचको वैचारिक लडाईंलाई उत्कर्षतिर लदैछ । सँगै, आम मनोविज्ञानले पनि चुनावतिरै देशलाई धकेलिरहेको देख्न सकिन्छ । यसका परिणामहरूबारे चर्चा गर्नु हतारमात्र हुनेछ ।

**अन्तमा**

यस क्षेत्रका देशहरू अशान्त छन् । पाकिस्तान, बांगलादेश, म्यानमार र थाइल्याण्ड राजनीतिक अस्थिरताका अनन्त शृंखलामा छन् । श्रीलंका पछिल्लो दुई वर्ष तुलनात्मक स्थिरतातिर छ तर यस क्षेत्रकै ठूलो आर्थिक संकटबाट अफै राम्रोसँग उत्रिसकेको छैन । छिमेकी भारत र चीनमात्र यस वरपर स्थिर राजनीतिक वातावरण भएका देश हुन् । सन् २०२४ को जुलाई-अगष्टका घटनाबाट अशान्ति र अराजकताको सिलसिला पच्छ्याएको बंगलादेशमा आउने फेब्रुअरीमा निर्वाचन हुने भनिएकै समयमा दुईजना भारतविरोधी राजनीतिक कार्यकर्ताहरूमाथि सांघातिक हमला भएको छ । जसमध्येका एकजना अगष्ट विद्रोहका जानेमाने विद्यार्थी नेता ओस्मान हादीको मृत्युपछि बंगलादेशमा हिंसाको सिलसिला सुरु भएको छ ।

यस अगाडि ढाकामा सीआईए र आईएसआईका एजेन्टहरू मारिएका थिए जसमा रअको हात रहेको मानिन्छ । भारत विरोधका नाममा लिवरल र प्रोग्रेसिभ तत्वहरूमाथि आक्रमण तीव्र बनाइएको छ । भारतस्थित उच्चायोगबाट भिसा जारी गर्ने प्रक्रिया स्थागित गर्न बंगलादेश बाध्य भएको छ । फेब्रुअरीमा घोषित निर्वाचन भएन भने उसले पनि पाकिस्तानी मोडलको निरन्तर अस्थिरताको सिकार हुने सम्भावना छ । चीन र भारत विपरीत प्रकृतिका शासन व्यवस्था भएपनि आर्थिक वृद्धिलाई सुहाउँदो गरी स्थिरतातिर छन् तर उनीहरूको भूराजनीतिक चलखेलले क्षेत्रीय स्थिरतातिर भन्दा अस्थिरतातिर धकेल्ने जोखिम छ । यता, नेपाल आर्थिक वृद्धिका दृष्टिले कमजोर र राष्ट्रिय सुरक्षाका दृष्टिले जोखिमपूर्ण अवस्थामा छ । यस्तोमा राजनीतिक प्रक्रियालाई संवैधानिक लिकमा ल्याउनु, शासकीय सुधारहरू र नीतिगत परिवर्तन सहित अर्थतन्त्रमा रहेका संरचनागत समस्याहरूमाथि हस्तक्षेप गर्नु र छिटो आर्थिक वृद्धि दर हासिल गर्दै समावेशी समृद्धि सहितको लोकतन्त्रमा जानु हाम्रो तत्कालको कार्यभार हो । यसका लागि पनि घोषित मितिमा निर्वाचन गर्ने वातावरण बनाउनु सरकार र मुख्य भनिएका राजनीतिक दलको जिम्मेवारी हो ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस ११ गते शुक्रबार २६ डिसेम्बर २०२५ । षष्ठी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५४ सूर्यास्त ५:१४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रयत्न सफल हुनेछ | तुला | : बन्धु-बान्धवबीच आत्मीयता बढ्नेछ |
| वृष | : पढाइलेखाइमा प्रगति हुनेछ | वृश्चिक | : कृषि-चौपायाबाट लाभ मिल्नेछ |
| मिथुन | : सेवामूलक कामबाट धनलाभ हुनेछ | धनु | : नयाँ काममा सफलता मिल्नेछ |
| कर्कट | : स्वास्थ्य कमजोर रहनेछ | मकर | : स्थायी सम्पत्ति जोड्ने समय छ |
| सिंह | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ | कुम्भ | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| कन्या | : सहयोगीका माध्यमबाट काम बन्नेछ | मीन | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# व्यस्तताको आडमा जीवनको शून्यपन

✍इन्द्रकुमार श्रेष्ठ

मानिसको जीवन केवल बितेको समयको परिमाण मात्र होइन, कति वर्ष बाँचियो भन्ने तथ्य आफैँमा ठूलो कुरा होइन । ती वर्षहरू कसरी बिते, ती समय कुन उद्देश्यका लागि खर्च भए, के-कस्ता कर्महरू गरिए र ती कर्मले जीवन तथा समाजमा कस्तो छाप छोडे भन्ने प्रश्न नै जीवनको वास्तविक मूल्याङ्कन हो । समय आफैँ निष्पक्ष हुन्छ- न उसमा अर्थ हुन्छ, न निरर्थकता । न त पूर्वाग्रह हुन्छ, न समर्थन । तर समयभित्र गरिएका कर्महरूले नै त्यसलाई अर्थपूर्ण वा शून्य बनाउँछन् । आजको आधुनिक समाजमा यही सत्य सबैभन्दा बढी ओझेलमा परेको छ । मानिसहरू यति धेरै व्यस्त छन् कि उनीहरूलाई आफ्नै जीवनमाथि एकछिन् गहिरिएर सोच्नेसमेत फुर्सद छैन ।

आज कोही कार्यालयको काममा अल्झिएका छन् । कोही व्यापारको दौडधुपमा थकित छन् । कोही सामाजिक वा राजनीतिक गतिविधिमा देखिने गरी व्यस्त छन् त कोही सामाजिक सञ्जालको निरन्तर बहावमा बगिरहेका छन् । बिहान उठ्नेबित्तिकै मोबाइलको स्क्रिन हेर्ने बानी, दिनभर सूचना, हल्ला र प्रतिक्रिया सङ्कलन गर्ने क्रम र बेलुकीसम्म मानसिक थकान- यही हो आजका धेरै मानिसको सामान्य जीवनशैली । बाहिरबाट हेर्दा सबै मानिस कुनै न कुनै काममा मग्न देखिन्छन् । मानौँ उनीहरू कुनै ठूलो उपलब्धिको खोजीमा दौडिरहेका छन् । तर जब ती कामहरूको प्रकृति, उद्देश्य र परिणाम गहिरोसँग विश्लेषण गरिन्छ, एउटा पीडादायी यथार्थ उजागर हुन्छ- मानिसको अधिकांश समय र ऊर्जा त्यस्ता गतिविधिमा खर्च भइरहेको छ, जसले न व्यक्तिगत जीवनलाई समृद्ध बनाउँछ, न समाजलाई सकारात्मक दिशातर्फ लैजान सक्छ ।

व्यस्तताको यही बाहिरी चमकले मानिसलाई झुटो आत्मसन्तुष्टि दिन्छ । 'म धेरै व्यस्त छु' भन्नु आजको समाजमा मेहनत र जिम्मेवारीको प्रमाणजस्तै मानिन थालेको छ । तर यो व्यस्तता धेरैजसो खोक्रो हुन्छ । मानिसहरू काम गरिरहेका हुन्छन्, तर ती कामहरूले उनीहरूको आत्मालाई स्पर्श गर्दैनन् । बाहिर सक्रियता, भित्र रिक्तता- यही हो व्यस्त जीवनको सबैभन्दा ठूलो विडम्बना । यसरी मानिस व्यस्तताको भ्रममा बाँचिरहन्छ र त्यही भ्रमलाई जीवनको उपलब्धि ठान्न बाध्य हुन्छ । समय बित्छ, उमेर बढ्छ, तर जीवनभित्रको अर्थ विस्तार हुँदैन । हाम्रो समाजमा दैनिक देखिने चियापसल संस्कृतिले यो समस्यालाई अत्यन्त जीवन्तरूपमा देखाउँछ । बिहान सबेरैदेखि साँझसम्म चियापसलहरू बहसका केन्द्र बन्छन् । हातमा चियाको कप, मुखमा टिप्पणी र विषय- देशको राजनीति । नेताहरूको चरित्र, सरकारको अक्षमता, भ्रष्टाचारको विवरण, संसद्को विफलता, चुनावी समीकरण, नयाँ पार्टीहरूको गतिविधि, अन्तर्राष्ट्रिय शक्ति सन्तुलन- सबै विषयमा मानिसहरू आत्मविश्वास, क्रोध र जोशका साथ बहस गर्छन् । त्यो दृश्य देख्दा लाग्छ- मानौँ देशको भविष्य यिनै व्यक्तिहरूको विश्लेषण र निष्कर्षमा निर्भर छ ।

तर यथार्थ के हो भने, त्यो बहस केवल आवाजको आवेग हो । समय कटनी हो । त्यसबाट न कुनै नीति जन्मिन्छ, न कुनै व्यावहारिक परिवर्तन । बहस सकिएपछि न देशको दिशा बदलिन्छ, न बहस गर्ने व्यक्तिको व्यक्तिगत जीवनमा कुनै सुधार आउँछ । उनीहरू उही आर्थिक समस्या, उही पारिवारिक तनाव र उही निराशा बोकेर आ-आफ्ना घर फर्किन्छन् । भोलिपल्ट फेरि उही चियापसल, उही राजनीतिक बहस, उही नेतामाथि दोषारोपण । राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरसम्म । वास्तवमा, यो व्यक्तिगत जीवनको खालीपनलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय मुद्दाको आवरणले ढाक्ने अभ्यास मात्र हो । 'म देश-विदेशका ठूला विषयमा बोल्दै छु' भन्ने भ्रमले मानिसलाई केही समय आत्मसन्तुष्टि दिन्छ, तर त्यो अर्थ क्षणिक, सतही र खोक्रो हुन्छ ।

यसरी हेर्दा, दिनभर तास खेलेर समय बिताउने व्यक्ति र दिनभर चियापसलमा 'देश बर्बाद भयो' भनेर निष्कर्ष सुनाउने व्यक्तिबीच नतिजाका हिसाबले खासै फरक रहँदैन । दुवैले समय बिताए, दुवैले ऊर्जा खर्च गरे, तर दुवैले जीवनमा केही पनि थप्न सकेनन् । फरक केवल यत्ति हो- एकको व्यस्तता खुलेर देखिन्छ, अर्कोको व्यस्तता 'गम्भीर' देखिन्छ । उपलब्धिविहीन गतिविधिहरू चियापसलको गफमा मात्र सीमित छैनन् । केही क्रियाकलाप त बाहिरबाट हेर्दा अत्यन्तै गम्भीर, औपचारिक र महत्वाकांक्षी देखिन्छन् । शुभकामना कार्यक्रम, बधाई कार्यक्रम, धन्यवाद कार्यक्रम, प्रवचन कार्यक्रम, निर्देशन कार्यक्रम, अन्तरक्रिया, गोष्ठी, चियापान समारोह, पार्टी प्यालेसमा आयोजित वनभोज- यी सबै गतिविधिले आयोजकहरूलाई 'हामी ठुलै काम गरिरहेका छौँ' भन्ने भान हुन सक्छ, किनभने उल्लिखित काम सफल पार्न पनि जनशक्ति र मिहिनेत त लाग्छ नै । त्यस्तै सहभागीहरूलाई पनि 'हामी ठुलै मान्छे रहेछौँ, त्यसैले यस्ता कार्यक्रमहरूमा आमन्त्रित हुन पाएर ठुलै मान पाइरहेका छौँ' भन्ने अनुभूति दिन्छन् । तर जब यी कार्यक्रमहरूको वास्तविक उपलब्धि नाप्न खोजिन्छ, प्राय: हात खाली नै रहन्छ ।

धेरै राजनीतिक बैठकहरू केवल बैठक बस्नकै लागि बसिन्छन्, समय बिताउन बसिन्छन्, फुर्सद भएकाले बसिन्छन् । त्यहाँ एजेन्डा पढिन्छ, प्रस्ताव राखिन्छ, छलफल गरिन्छ र अन्त्यमा 'अर्को बैठकमा निर्णय गरिन्छ' भनेर टुंग्याइन्छ । कतिपय बैठकमा उही चियागफकै कुरा आउँछन् । आफ्नो पार्टीको प्रशंसा र अन्य पार्टीको निन्दा गर्नु त छँदै छ । बैठकपछि फोटो खिचिन्छ, सामाजिक सञ्जालमा पोस्ट हुन्छ र सहभागीहरू आत्मसन्तुष्ट भएर घर फर्किन्छन् । तर व्यावहारिक तहमा भने त्यस्ता बैठक हजारौँ बसे पनि केही परिवर्तन हुँदैन । यसरी अनेक बैठक र कार्यक्रमहरूले व्यस्तताको अनुभूति त दिन्छन्, तर उपलब्धिको अनुभूति दिन असफल हुन्छन् ।

यस्तै, विभिन्न स्मृति दिवस, जयन्ती, सम्मान समारोह र श्रद्धाञ्जलि कार्यक्रमहरूको अवस्था पनि उस्तै छ । फूलमाला, ब्यानर, सजावट, लामो भाषण र तालीको गडगडाहटले कार्यक्रमलाई भव्य बनाइन्छ । तर कार्यक्रम सकिएपछि ती शब्द र भावना व्यवहारमा रूपान्तरण हुँदैनन् । प्रेरणाका सम्भावित बीज तुरुन्तै सुक्छन् । व्यक्तिहरू आफ्नै पुरानै सोच, बानी र व्यवहारमा फर्किन्छन् । यसरी यी कार्यक्रमहरूले क्षणिक भावनात्मक उचाइ त दिन सक्छन्, तर स्थायी सामाजिक परिवर्तन ल्याउन असफल हुन्छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# ‘समावेशी नेपाल राजनीतिक आकांक्षा होइन, सामाजिक आवश्यकता हो’

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/ उत्थानशील र समावेशी नेपाल निर्माणका लागि राजनीतिक स्थायित्व नै पूर्वशर्त भएको निष्कर्ष निकाल्दै ‘समावेशी र उत्थानशील नेपाल निर्माणसम्बन्धी बहस’ विषयक अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ ।

नेपाल समाजशास्त्र संघ र मकवानपुर बहुमुखी क्याम्पसद्धारा संयुक्तरुपमा यहाँ आयोजित तीनदिने अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाललगायत विभिन्न देशका वरिष्ठ समाजशास्त्रीको सहभागिता थियो ।

सम्मेलनका क्रममा विभिन्न क्षेत्रका ७० भन्दा बढी अध्ययन, अनुसन्धानका निष्कर्ष एवं सवालमा प्रस्तुतीकरण, बहस र छलफल गरिएको थियो । सम्मेलनको उद्घाटनसत्रमा समाजशास्त्र संघका अध्यक्ष प्राडा गणेशमान गुरुङले समावेशी नेपाल राजनीतिक आकांक्षा होइन, सामाजिक आवश्यकता भएको बताए ।




उनले भने, ‘उत्थानशील र समावेशी नेपाल निर्माणका लागि स्थायित्व नै पूर्वशर्त हो ।’ वरिष्ठ समाजशास्त्री प्राडा कैलाशनाथ प्याकुरेलले समाजको आवश्यकता र बनोटलाई बुझ्न नसक्दा राजनीतिक स्थायित्व नभएको टिप्पणी गरे । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा प्रदीप ज्ञवाली, हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, त्रिवि शिक्षाध्यक्ष प्राडा खड्ग केसी, भारतीय समाजशास्त्र संघका सचिव श्वेता प्रसादलगायतले समाजशास्त्रीय महत्वका विभिन्न आयाममा चर्चा गरेका थिए । सम्मेलनका विभिन्न सत्रमा शिक्षा, स्वास्थ्य, प्रविधि, जलवायु परिवर्तन, लैङ्गिक शक्ति र सम्बन्धलगायत विभिन्न क्षेत्रका सामाजिकपक्षलाई समाजशास्त्रीय सिद्वान्तका आधारमा विश्लेषण गरिएका अनुसन्धान कार्यपत्रको प्रस्तुतीकरण एवं छलफल गरिएको थियो ।

नेपालमा पितृसत्ता, लैङ्गिकशक्ति सम्बन्ध र नारीवादी रुपान्तरण, नेपालमा विद्यालय शिक्षाको इतिहास, लैङ्गिक निकाय, श्रम, स्वास्थ्य अभ्यास र दैनिक असमानता, डिजिटल समाज, प्रविधि, सामाजिक परिवर्तन, जाति, नागरिकता र समावेशीकरणको परिवर्तनशील गतिशीलता बहिष्करण, नेपालमा आदिवासी पहिचान र मान्यताको राजनीति, जलवायु परिवर्तन, वातावरण, संरक्षण र प्रकोप अध्ययन, बसाइँसराइ, गतिशीलता र जनसांखीयकीय परिवर्तन, विकास, पूर्वाधार, भूमि र अर्थतन्त्र, समाजशास्त्र विकास, न्याय र समुदाय रुपान्तरण, डिजिटलरुपान्तरण नेपालको स्वास्थ्य र शिक्षा प्रणालीमा ज्ञान उत्पादन र समानता आदि छन् ।

सम्मेलनकै क्रममा स्थानीय तहमा संघीयताको अभ्यास, सिकाइ र चुनौती विषयक छलफल भएको थियो । बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल र धुलिखेल नगरपालिका प्रमुख अशोक कुमार व्यञ्जुले सिकाइ र चुनौतीका बारेमा प्रस्तुति गरेका थिए ।

# मन्त्रालयका कार्यक्रम कागजमै सीमित नराख्न निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले मन्त्रालयका कार्यक्रम कागजमै सीमित नराख्न निर्देशन दिएका छन् ।

मन्त्रालयको चालु आर्थिक वर्षको प्रथम चौमासिक समीक्षामा मन्त्री थापाले कार्यक्रम कागजमै सीमिति नभई प्रत्यक्षरुपमा नागरिकले अनुभूति गर्ने खालका हुनुपर्नेमा जोड दिए । उनले श्रम, रोजगार र यातायात क्षेत्र जनजीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील क्षेत्र भएकाले सेवाप्रवाहमा कुनैपनि प्रकारको ढिलासुस्ती सह्य नहुने स्पष्ट पारे । मन्त्री थापाले प्रदेशभित्र रोजगारीका अवसर सिर्जना, वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने, श्रमिकको हकहित संरक्षण तथा यातायात सेवा सहज, व्यवस्थित र प्रविधिमैत्री बनाउने सरकारको प्राथमिकता रहेको उल्लेख गरे ।

सवारीचालक अनुमतिपत्र वितरण प्रणाली, ट्रायल सेन्टरको व्यवस्थापन, सार्वजनिक यातायातको नियमन तथा श्रमबजार व्यवस्थापनमा सुधार ल्याउन मन्त्रालय सक्रियरुपमा काम गरिरहेको उनको भनाइ थियो । गोष्ठीमा बागमती प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीले मन्त्रालयका कार्यक्रम परिणाममुखी र मापनयोग्य हुनुपर्नेमा जोड दिए । प्रमुख सचिव अधिकारीले बजेट खर्चसँगै त्यसको प्रभाव नागरिकस्तरमा देखिनुपर्ने बताउँदै कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउन निर्देशन दिए । उनले कर्मचारीको कार्यदक्षता, पारदर्शिता र जवाफदेहिता बढाएर मात्र प्रदेश सरकारप्रति जनविश्वास सुद्ढ गर्न सकिने उल्लेख गरे ।

गोष्ठीमा मन्त्रालयका सचिव रामबाबु पुरीले प्रथम चौमासिक अवधिमा मन्त्रालयले बजेट कार्यान्वयनको अवस्था, कार्यक्रमगत प्रगति र संरचनागत चुनौतीबारे जानकारी दिँदै संघ, प्रदेश र स्थानीय तहबीच समन्वय अभाव, प्राविधिक जनशक्ति कमी र प्रक्रियागत जटिलता मुख्य चुनौतीकारुपमा रहेको बताए । उनले ती चुनौती समाधानका लागि अनुगमन प्रणालीलाई सुदृढ बनाइने, कार्यालयबीच समन्वय बढाइने र सेवाग्राहीमैत्री कार्यशैली अपनाइने स्पष्ट पारे । डिजिटल प्रणालीको प्रयोग बढाएर सेवा छिटो, पारदर्शी र प्रभावकारी बनाउनेतर्फ मन्त्रालय दृढ रहेको सचिव पुरीको भनाइ थियो ।

मन्त्रालयले पहिलो चौमासिक अवधिमा सञ्चालन गरेका कार्यक्रम, बजेट कार्यान्वयनको अवस्था, उपलब्धि तथा चुनौतीबारे समीक्षा गर्दै आगामी कार्यदिशा तय गर्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको हो । गोष्ठीमा मन्त्रालय अन्तर्गतका कार्यालय प्रमुख, कर्मचारीको सहभागिता थियो । कार्यालयप्रमुखहरुले सेवाप्रवाहमा देखिएका समस्या, नीति कार्यान्वयनका चुनौती र सुधारका उपायबारे सुझाव राखेका थिए । मन्त्रालयले यस्ता समीक्षा गोष्ठी मार्फत कार्यसम्पादन मूल्यांकन गर्दै आगामी दिनमा परिणाममुखी र जनउत्तरदायी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने जनाएको छ ।

# जलवायू परिवर्तनले अपाङ्गता भएका व्यक्ति बढी जोखिममा

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/जलवायू परिवर्तन र अपाङ्गता भएका व्यक्तिको सवालमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ ।

बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयको समन्वय तथा राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेशको आयोजनामा हेटौंडास्थित प्रदेश सुशासन हलमा कार्यक्रम भएको हो । कार्यक्रममा जलवायू परिवर्तनको असर सबैमा परेपनि अपाङ्गता भएका व्यक्ति बढी जोखिम समूहमा पर्ने गरेको सरोकारवालाले बताएका छन् । प्राकृतिक विपद्का समयमा सुरक्षित स्थानमा जान नसक्नु, आवश्यक सूचना नपाउनु, स्वास्थ्य सेवामा पहुँचको अभाव हुनु तथा राहत वितरणमा प्राथमिकता नपाइनुजस्ता कारणले जलवायू परिवर्तनका कारण बढ्दै गएका प्राकृतिक विपद्ले अपाङ्गता भएका व्यक्ति दोहोरो मारमा परेको उनीहरुको भनाइ थियो ।

महासंघ बागमती प्रदेशका सचिव यज्ञप्रसाद सुवेदीले हालका नीतिमा जलवायू परिवर्तनका विषय समेटिए पनि अपाङ्गता भएका व्यक्तिलाई केन्द्रमा राखेर नीतिगत व्यवस्था नभएको बताए । कार्यक्रमका प्रमुखअतिथि वन तथा वातावरण



मन्त्रालयका सचिव केदार वरालले जलवायू परिवर्तनको असर अपाङ्गता भएका व्यक्तिमा अझ बढी देखिएको बताए । उनले अपाङ्गता केन्द्रित कार्यक्रम तथा नीति ल्याउन आवश्यक रहेको उल्लेख गरे । समावेशी विकासबिना समाज सभ्य, सुसंस्कृत र सम्पन्न बन्न नसक्ने उनको धारणा थियो ।

कार्यक्रमका सहभागीले नीति निर्माणदेखि कार्यान्वयनसम्म अपाङ्गतामैत्री दृष्टिकोण आवश्यक रहेकोमा जोड दिएका छन् । सहभागीले जलवायू परिवर्तनको सामना गर्न समावेशी नीति र सहकार्य अपरिहार्य रहेको निष्कर्ष निकालेका छन् । जलवायू परिवर्तनको वर्तमान अवस्था, नीतिगत व्यवस्था, जलवायू परिवर्तनमा अपाङ्गता समावेशीकरण तथा विपद् व्यवस्थापनमा अपाङ्गता सम्बन्धी कानुनी र नीतिगत अवस्थाका विषयमा विज्ञद्वारा प्रस्तुतीकरण गरिएको थियो ।

सचिव सुवेदीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईं, मकवानपुर जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी, गैसस महासंघ बागमती प्रदेश अध्यक्ष कमलकुमार विश्वकर्मा, फेकोफनका प्रतिनिधि, अपाङ्गता भएका व्यक्ति तथा सरोकारवाला निकायका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# कालिका आविको अभिभावक भेला तथा विव्यस पुनर्गठन

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/हेटौंडा उपमहानगरपालिका-१३ स्थित कालिका आधारभूत विद्यालयमा ४३ औं अभिभावक भेला तथा विद्यालय व्यवस्थापन समिति पुनर्गठन गरिएको छ ।

बुधबार आयोजित कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष संगीता वाइबाको अध्यक्षता तथा हेटौंडा-१३ का वडाअध्यक्ष पेम्बा लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । पुन:वाईबाको नेतृत्वमा ७ सदस्यीय सर्वसम्मत रुपले नयाँ कार्यसमिति चयन भएको छ । विद्यालयको शैक्षिक अवस्था, भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर सुधार तथा अभिभावक र विद्यालयबीचको सहकार्यका विषयमा प्रधानाध्यापक रामकृष्ण न्यौपानेले प्रतिवेदन प्रस्तुत गरेका थिए । उनका अनुसार आर्थिक वर्ष २०८१/८२ को तथ्यांकमा विद्यालयमा २३८ जना विद्यार्थी अध्ययनरत रहेका छन् । ११ प्रतिशत विद्यार्थी विद्यालय बाहिर रहेका छन् भने ५ प्रतिशत विद्यार्थी मात्र नियमितरुपमा विद्यालयमा उपस्थित छन् । १० प्रतिशत विद्यार्थीले परीक्षा नदिएको तथ्यांकमा उल्लेख गरिएको छ ।

प्रधानाध्यापक न्यौपानेले संरक्षण गर्ने अभिभावक नहुनु, जानकारी नदिई बोर्डिङ विद्यालयतर्फ जाने प्रवृत्ति तथा विद्यार्थी विद्यालय छोड्ने समस्या बढ्दै गएको जानकारी दिइन् । अध्यक्ष वाइबाले केही विद्यार्थी आफन्तको घरमा बसेर अध्ययन गर्दा पढाइ छुट्ने गरेको, आर्थिक अवस्था कमजोर भएकाले तथा काम खोज्न जाने क्रममा विद्यालय छोड्ने समस्या देखिएको बताइन् । उनले आगामी दिनमा यस्ता समस्याको समाधान गर्दै विद्यालयको शैक्षिक अवस्था सुधार गर्न पहल गरिने प्रतिबद्धता व्यक्त गरिन् ।

# त्रिविको दीक्षान्त रंगशालामा, ८९ हजार विद्यार्थी दीक्षित हुने

काठमाडौं/त्रिभुवन विश्वविद्यालयको ५१औं दीक्षान्त समारोह (बिहीबार) भोलि हुँदैछ । समारोह त्रिपुरेश्वरस्थित रंगशालामा हुनेछ । परीक्षा नियन्त्रण कार्यालय बल्खुका प्रवक्ता कविराज पौडेलका अनुसार यो वर्ष ८९ हजार १९९ विद्यार्थी दीक्षित हुँदैछन् । ‘तयारी पूरा भएको छ । अब भोलि समारोहको आयोजना हुने छ,’ उनले भने ।

त्रिविका अनुसार २०८१ साल असार १ गतेदेखि २०८२ साल जेठ ३१ गतेसम्मको एक शैक्षिक सत्रमा स्नातक, अधिस्नातक, स्नातकोत्तर, दर्शनाचार्य तथा विध्यावारिधि (पीएचडी) तह उत्तीर्ण गर्ने विद्यार्थीको संख्या ८९ हजार १९९ छ ।

जसमध्ये १६ हजार ३८० जना विद्यार्थीले दीक्षान्त समारोहमा सहभागी हुन औपचारिक रूपमा आवेदन दिएका छन् । आवेदकहरूमध्ये स्नातक तहमा ११ हजार २३४ जना, अधिस्नातक तहमा १४ जना, स्नातकोत्तर तहमा ४ हजार ८६० जना, दर्शनाचार्य तहमा १२० जना तथा विद्यावारिधि तहमा १५२ जना रहेका छन् ।

साथै, २३ हजार ९८० जना अभिभावक/संरक्षकले पनि सहभागिताका लागि आवेदन दिएका छन् । दीक्षान्तमा एक जना विद्यार्थीको दुई अभिभावक आउन सक्छन् । रंगशालामा विद्यार्थी र अभिभावक गरि करिब ५० हजारको हाराहारीमा उपस्थित त्रिविको अनुमान छ । दीक्षान्त समारोहको सन्दर्भ पारेर समारोहमा करिब २५ वटा दीक्षान्त पदक तथा पुरस्कारहरू वितरण गरिनेछ । दीक्षान्त समारोहको विशेष आकर्षणका रुपमा जापानका भौतिकशास्त्र तर्फका नोबेल पुरस्कार विजेता प्राध्यापक ताकाआकी काजिता प्रमुख अतिथिका रूपमा सहभागी हुने त्रिभुवन विश्व विद्यालयले जनाएको छ । त्रिविको दीक्षान्त समारोहमा पहिलो पटक नोबेल पुरस्कार विजेता सहभागी हुन लागेकाले यसले त्रिविको अन्तर्राष्ट्रिय शैक्षिक प्रतिष्ठा, विश्वस्तरीय पहुँच तथा शैक्षिक उत्कृष्टतालाई उजागर गर्न सहयोग पुग्ने त्रिविको विश्वास छ ।

# घुमिफिरी कमल थापा राप्रपामै

काठमाडौं/कमल थापा दुई वर्षअघि नै राप्रपामा आउन चाहन्थे । आफू अध्यक्ष रहेको राप्रपा नेपाललाई मूलधारमा मिसाउने उनको चाहनालाई राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले लामो समय वास्तै गरेनन् । राप्रपाको भूइँतहबाट राजनीतिक खुड्किला चढ्दै केन्द्रीय तहमा पुगेका लिङ्देनले अन्तत: महाधिवेशनमा उनै थापालाई ०७८ मंसिरमा अध्यक्ष पदमा हराइदिएका थिए । हारसँगै क्षुब्ध थापा भने आफूलाई लिङ्देनबाट नभई निर्मल निवासबाट हराइएको निष्कर्षमा स्पष्ट थिए ।

राप्रपा अध्यक्ष पदमा पराजयको पीडाबोधमा थापाले लगत्तै पार्टी नै त्यागे । कतिसम्म भने उनले हिन्दू राजसंस्था नभई हिन्दू गणतन्त्रको एजेन्डासमेत बोक्न पुगे । ०७९ को आम चुनावमा सूर्य चिह्नबाट चुनाव लडिदिए कमल थापाले । थापा पूर्वराजासँग भड्किँदै जाने हुँदा विगतका वैचारिक मान्यताबाट धेरै नै टाढा पुगेका थिए । राप्रपाको ब्यानरमा राजसंस्था पुनर्स्थापनाको नारा दिए पनि व्यवहारमा गणतन्त्रवादीको भाग खान कुदिहिँडेको भन्दै दुवै खाले राप्रपाका नेताहरुसँग निर्मल निवास आफैं पनि क्रुद्ध थियो ।

निर्मल निवास, अर्थात पूर्वराजा ज्ञानेन्द्र शाहले थापालाई लामै समय उपेक्षा गरे । यता लिङ्देन पनि राप्रपाको सांगठानिक राजनीतिमा लागिपरे । थापासँग भेटघाट उनको एजेन्डामै परेन । पूर्वराजा शाहले थापालाई उपेक्षा गर्दैगर्दा लिङ्देनलाई पनि काँध हालेर भने हिँडेनन् । बरु दुर्गा प्रसाईंजस्ता नवराजावादीहरुको सम्मान अभिनन्दन थाप्न उनी देश दौडाहा गर्न थाले । पोहोर मंसिर ७ देखि चैत १५, ०८१ सम्म पुग्दा राजावादी एजेन्डा राप्रपा नभई नवराज सुवेदी, जगमान गुरुङ वा प्रसाई इत्यादिले हाइज्याक गरिदिने स्पष्ट हुँदै आयो । सुवेदी र प्रसाईका नेतृत्वमा अलग अलग समिति बन्न थाले । गणतन्त्र फाल्ने एजेन्डाका कमान्डर नयाँ नयाँ आउन थाले । यस्तोमा न थापाको महत्व रहने भयो, न लिङ्देनको । न त राप्रपा भन्ने हलोछाप ब्रान्डको ।

यस्तो पृष्ठभूमि तयार हुनुअघि नै थापाले पोहोर २४ पुस, ०८१ मा हामीसँग भनेका थिए, ‘मेरो राजनीतिक करिअरको उत्तरार्धमा पुग्दैगर्दा सानो पसल चलाउनुपर्छ भन्ने विचार छैन । लिङ्देनले चाहे एक साताभित्रै एकता हुन सक्छ । म एकताको पक्षमा छु । तर उहाँले साथीहरुसँग सल्लाह गरेर जवाफ दिन्छु भन्नुभएको पनि एक वर्ष बितिसक्यो ।’ लगत्तै हामीले लिङ्देनसँग कुरा गरेका थियौं । उनले विगतमा मिल्ने फुट्नेमा कुनै सैद्धान्तिक आधार नखोजी व्यक्तिकेन्द्रित हुने प्रचलन देखिएकाले यसपल्ट समय लिनुपर्ने तर्क गरेका थिए ।

लिङ्देनले संचारकर्मीसँग भनेका थिए, “समान विचार र प्रवृत्ति भएका हामी एक ठाउँ आउनुपर्छ भन्ने अनुभूति दुवैतिर छ । कमल थापा दाइको सन्देशलाई मैले पार्टीमा राखेको छु । तर विगतमा मिलिहाल्ने फुटिहाल्ने धेरै गरिएको हुँदा बरु अलिक समय लिएरै अघि बढौं भन्ने खालको भावना पार्टीभित्र छ ।’

त्यसयता उनीहरुले केहीपल्ट बैठक पनि राखे । तर त्यसले कुनै परिणाम दिएन । बरु सडकमा कहिले थापा, कहिले लिङ्देन राजावादी आन्दोलनका क्रममा गिरफ्तार हुन थाले । कतिसम्म भने एकपल्ट त थापालाई प्रहरीले समातेर हिरासत पुऱ्यायो, जहाँ पहिल्यै प्रसाई थुनिएर बसिराखेका थिए । प्रसाईंले थापा लिङ्देन आदिको नेतृत्व क्षमता र तिनका प्रति आम विश्वासउपर प्रश्नसहित कटाक्ष नै गरे, ‘ए दाइ पनि यहाँ ? बाहिर खासै आन्दोलनमा मान्छे आएनन् होला हगि ? आउन् पनि किन ! म नै अस्तिदेखि भित्र छु ।’

प्रसाईं यति बेला राष्ट्र, राष्ट्रियता धर्म संस्कृति बचाउ अभियानको संयोजक बनेर प्रधानमन्त्री सुशीला कार्कीसँग सिधा वार्ता गर्ने तयारीमा छन् । यता राप्रपाको चर्चा भने सामसुम छ । ठिक यही बेला ‘नयाँ राजनीतिक परिस्थितिको दबाबस्वरुप एकताको आवश्यकता महसुस गरिएको’ लिङ्देन निकट स्रोत बताउँछ । यो नयाँ परिस्थितिकै ‘दबाब’ ले बुधबार उनीहरु एकताको निर्णयमा पुगेका छन् । जेनजी आन्दोलनपछि चुनावमा नयाँ-नयाँ दल र नेताहरुको उदय हुँदैगर्दा राप्रपालाई बचेखुचेको शक्ति एकीकृत गर्नुपर्ने दबाब छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# चिकित्सक संघ मकवानपुरको नवनिर्वाचित कार्यसमितिको सपथग्रहण



साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/नेपाल चिकित्सक संघ मकवानपुर शाखाको पुरानो कार्यसमितिको बिदाइ तथा नवनिर्वाचित कार्यसमितिको प्रमाणपत्र वितरण, सपथग्रहण तथा स्वागत कार्यक्रम गरिएको छ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवालीको प्रमुख आतिथ्यतामा बुधबार हेटौंडा अस्पतालको सभाहलमा कार्यक्रम भएको हो । पुस १ गते निर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यलाई प्रमुख अतिथि डा. ज्ञवालीले प्रमाणपत्र प्रदान गरेका थिए भने प्रमुख निर्वाचन अधिकृत अमरसिंह अधिकारीले पद तथा गोपनीयताको सपथ गराएका थिए । नेपाल चिकित्सक संघ मकवानपुर शाखाको अध्यक्षमा डा.हरिबहादुर खड्काको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो ।

अघिल्लो कार्यकालमा संघको नेतृत्व गर्दै आएका कार्यसमिति सदस्यको योगदानको कदर गर्दै बिदाइ तथा सम्मान गरिएको थियो । कार्यक्रममा उपकुलपति डा. ज्ञवालीले चिकित्सकको पेशा आमनागरिकको जीवनसँग प्रत्यक्ष जोडिएकोले जिम्मेवारीपूर्ण ढंगले काम गर्नुपर्ने बताए । सरकारको नीति, नियम र कानुनी दायराभित्र रहेर चिकित्सकले भूमिका प्रभावकारीरुपमा निर्वाह गर्नुपर्नेमा उनले जोड दिए । पछिल्लो समय चिकित्सकमाथि चौतर्फी आक्रमण बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै उनले कार्यक्षेत्रमा जानाजानी गल्ती गरेको प्रमाणित भए कारबाही हुनुपर्ने तर, जिम्मेवारीपूर्वक काम गर्दा घटेका घटनामा चिकित्सकमाथि मात्रै दोष थोपर्ने प्रवृत्ति स्वीकार्य नहुने बताए ।

कार्यक्रममा सहभागी वक्ताले चिकित्सकको पेशागत हकहित संरक्षण, स्वास्थ्यसेवाको गुणस्तर अभिवृद्धि तथा समाजप्रति चिकित्सकको जिम्मेवारी अझ प्रभावकारी बनाउँदै लैजानुपर्ने आवश्यकता औंल्याएका थिए । नवनिर्वाचित अध्यक्ष डा. खड्काले संघलाई संस्थागत सीमाभन्दा बाहिर लैजाँदै आमजनतामाझ पहिचान स्थापित गर्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले पछिल्लो समय स्वास्थ्यकर्मीमाथि भइरहेको आक्रमणको निन्दा गर्दै उपचारका क्रममा बिरामीको मृत्यु भएमा चिकित्सकमाथि मात्रै दोष थोपर्ने प्रवृत्तिप्रति दुख व्यक्त गरे । चिकित्सकको गल्ती भए मेडिकल काउन्सिल र उपभोक्ता अदालत मार्फत् कानुनी प्रक्रिया अपनाउन सकिने उनको भनाइ थियो ।

कार्यक्रममा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्ट्रार भीमसागर गुरागाईं, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, हेटौंडा अस्पताल सञ्चालन समितिका पूर्वअध्यक्ष प्रकाश पौडेललगायतले मन्तव्य राखेका थिए । नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा डा.रामचन्द्र सापकोटा, सचिवमा डा.राजु सेढाईं कोषाध्यक्षमा डा.प्रतिक्षा खड्का, सहसचिवमा डा.मधु पौडेल तथा सहकोषाध्यक्षमा डा. आयुष पौडेल उपाध्याय निर्विरोध निर्वाचित भएका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमतीमा बालविवाह अन्त्यका लागि प्रादेशिक रणनीति पुनर्लेखन आवश्यक




साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/ बालविवाह अन्त्यसम्बन्धी प्रादेशिक छलफल कार्यक्रम हेटौंडामा सम्पन्न भएको छ । 'बालिका दुलही होइनन् राष्ट्रिय सञ्जाल (जिएनबि नेपाल)' र युवालयको संयुक्त आयोजनामा, सामाजिक विकास मन्त्रालय बागमती प्रदेश तथा बालकल्याण समाज मकवानपुरको सहकार्यमा कार्यक्रम भएको हो ।

युवालयका कोषाध्यक्ष कृष्ण तामाङको सभाध्यक्षता एवम् सामाजिक विकास मन्त्री कञ्चनचन्द्र वादेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव पूर्णबहादुर दर्जी विशेष अतिथि रहेका थिए ।

प्रहरी नायवमहानिरीक्षक अरुण पौडेल, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका महाशाखा प्रमुख हरिहर पोखरेल, बालकल्याण समाजका अध्यक्ष तथा प्रदेश बालअधिकार समितिका सदस्य प्रकाश खतिवडा, प्रदेश बालअधिकार समितिका सदस्य झबिन्द्र ज्ञवाली, राजाराम सापकोटा, मञ्जु बैरागी शाह, सामाजिक विकास मन्त्रालयका महाशाखाप्रमुख अमृत अधिकारी, नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर, मानवअधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्धको सञ्जालकी अध्यक्ष आरती पाठक लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा सामाजिक सञ्जालका प्रतिनिधि माया लामा, आशिष दुलाल, कुमारी वाइबा, शर्मिला श्रेष्ठ, निशा लामा, बालक्लब प्रतिनिधि आदित्य पराजुलीलगायतको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण बालिका दुलही होइनन् राष्ट्रिय सञ्जालका महासचिव संजीव अधिकारीले गरेका थिए । कार्यक्रमको औचित्य र उद्देश्यबारे प्रष्ट पार्दै बालकल्याण समाजका अध्यक्ष खतिवडाले बागमती प्रदेशको बालविवाह अन्त्यसम्बन्धी प्रादेशिक रणनीति २०७६ ले सन् २०८० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य लिएको र बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति २०७२ अनुरुप बनेकोले हाल संघीय सरकारले नयाँ राष्ट्रिय रणनीति २०८० तयार गरिसकेको अवस्थामा पुरानो प्रादेशिक रणनीतिको औचित्य समाप्त भएकोले नयाँ रणनीति पुनर्लेखन गर्नुपर्ने बताए ।

उनले बालविवाह अन्त्यका लागि अब लैंगिक रुपान्तरणकारी अवधारणामा आधारित रणनीति आवश्यक रहेको उल्लेख गर्दै, सोही विषयमा साझा समझदारी विकास गर्न कार्यक्रम आयोजना गरिएको जानकारी गराए । मन्त्री बादेले बालविवाहलाई मानवअधिकारको गम्भीर उल्लंघनको संज्ञा दिँदै यसको अन्त्यका लागि प्रदेश सरकार दृढतापूर्वक अघि बढिरहेको बताए । बागमती प्रदेशलाई बालमैत्री प्रदेश बनाउने लक्ष्यसहित सरकार क्रियाशील रहेको उल्लेख गर्दै उनले बालमैत्री प्रदेशको एक महत्वपूर्ण सूचकका रुपमा बालविवाह अन्त्य अपरिहार्य रहेको बताए । बालविवाह विरुद्धको प्रादेशिक रणनीति सुधारका विषयमा भएको छलफल समयसापेक्ष र सान्दर्भिक रहेको उनको भनाइ थियो ।

मन्त्रालयका सचिव दर्जीले बालविवाहका कारण बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, सुरक्षा तथा समग्र विकासमा गम्भीर नकारात्मक प्रभाव पर्ने बताए । समयअनुकूल नीति सुधार अपरिहार्य भएकाले बालविवाह अन्त्य सम्बन्धी प्रादेशिक रणनीतिलाई पुनर्लेखन गर्नुपर्ने आवश्यकता औंल्याए । युवालयका कोषाध्यक्ष तामाङले मन्त्रालयसँग सहकार्य गर्ने अवसर पाएकोमा धन्यवाद व्यक्त गर्दै, बालविवाह अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिनुपर्ने बताए ।

मन्त्रालयका शाखाअधिकृत लक्ष्मण पुडासैनीले 'बालविवाह अन्त्यसम्बन्धी प्रादेशिक रणनीति तथा बालबालिकाको क्षेत्रमा प्रदेश सरकारले सञ्चालन गरेका काम र आगामी कार्यदिशा' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । सिबिन बाल हेल्पलाइन १०९८ का कार्यक्रम संयोजक ज्ञवालीले घटना व्यवस्थापन र बालबालिकाको अवस्थाबारे प्रस्तुतीकरण गरेका थिए । जिएनबि नेपालका महासचिव अधिकारीले विश्वव्यापी आवधिक समीक्षा, वातावरण र बालबालिकासम्बन्धी विषयमा प्रस्तुत गरेका थिए ।

छलफलमा सहभागीले बालविवाह अन्त्य गर्ने प्रादेशिक रणनीति पुनर्लेखन गरी बागमती प्रदेशलाई बालविवाह मुक्त प्रदेश बनाउनु अपरिहार्य रहेको निष्कर्ष निकालेका छन् । स्थानीय तहको बालसंरक्षण प्रणाली सुदृढीकरण, स्थानीय पालिकालाई बालविवाहमुक्त पालिका घोषणा गर्न मन्त्रालयको सहजीकरण, बालिकालाई आत्मसुरक्षाका सीप विकास गराउने तथा बालकलाई लैंगिकहिंसाविरुद्धको अभियानमा सक्रिय गराउनु आजको आवश्यकता भएको सहभागीको ठम्याइ थियो ।

# आदिवासी जनजाति किशोरीको अधिकारबारे दुईदिने तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि तथा आदिवासी जनजाति महिला तथा किशोरीका अधिकारसम्बन्धी आधारभूत सिफारिस संख्या ३५ सम्बन्धी दुईदिने तालिम बुधवारदेखि हेटौंडामा सुरु भएको छ ।

राष्ट्रिय महिला जनजाति महासंघ नेपालका अध्यक्ष निमि शेर्पाको सभाअध्यक्षता तथा पूर्वमन्त्री शन्तबहादुर चेपाङको प्रमुख आतिथ्यतामा बागमती प्रदेशस्तरीय कार्यक्रम भएको हो । आदिवासी जनजाति महिला तथा किशोरीमाथि हुने हिंसा र भेदभाव अन्त्य गर्न सिईडिएड्ब्लु अन्तर्गतका प्रावधान, राज्यको दायित्व तथा अधिकार संरक्षणका उपायबारे सहभागीलाई जानकारी गराउनु कार्यक्रमको उद्देश्य रहेको महासंघका अध्यक्ष शेर्पाले बताइन् ।

तालिममा आदिवासी जनजाति महिला तथा किशोरीका अधिकार, हिंसा र भेदभावका अवस्था, कानुनी व्यवस्था तथा अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयनका विषयमा अधिवक्ता कौशिला राईले सहजिकरण गरेकी थिइन् । आदिवासि जनजाति महासंघ मकवानपुरका अध्यक्ष जंगबहादुर गुरुङ, चेपाङ सामाजिक उत्थान केन्द्रका सचिव कुमार चेपाङ, प्रदेशका १३ जिल्लाका महिला अधिकारकर्मी सामाजिक अभियन्ता तथा सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता रहेको छ ।

# राष्ट्रियसभा निर्वाचनमा बागमती प्रदेशका लागि श्रेष्ठ निर्वाचनअधिकृत नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/आगामी २०८२ माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले सात प्रदेशमा निर्वाचन अधिकृत नियुक्त गरेको छ ।

राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७ बमोजिम आयोगको पुस ७ गते बसेको बैठकले सात जना जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृतको जिम्मेवारी दिने निर्णय गरेको हो । आयोगकाअनुसार नियुक्त निर्वाचन अधिकृतले २०८२ पुस १५ गतेदेखि लागू हुने गरी कार्यभार सम्हाल्ने र पुस १६ गते सम्बन्धित प्रदेशको प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन




अधिकृतको कार्यालय स्थापना गर्ने कार्यक्रम तय भएको छ । नियुक्त हुने निर्वाचन अधिकृतमध्ये कोशी प्रदेशका लागि मोरङ जिल्ला अदालतका न्यायाधीश भीष्मराज प्रसाईं, मधेश प्रदेशका लागि धनुषा जिल्ला अदालतका शुभाषबाबु पुरी र बागमती प्रदेशका लागि मकवानपुर जिल्ला अदालतकी गीता श्रेष्ठ खटाइएका छन् ।

यस्तै, गण्डकी प्रदेशका लागि कास्की जिल्ला अदालतका हिमलाल वेल्वासे, लुम्बिनी प्रदेशका लागि दाङ जिल्ला अदालतका प्रकाश प्रसाद पण्डित, कर्णाली प्रदेशका लागि सुर्खेत जिल्ला अदालतका दीपक ढकाल तथा सुदूरपश्चिम प्रदेशका लागि कैलाली जिल्ला अदालतका भुवनसिंह थापा निर्वाचन अधिकृत नियुक्त भएका छन् । निर्वाचन आयोगले राष्ट्रियसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादितरुपमा सम्पन्न गर्न आवश्यक तयारी तीव्र बनाइएको जानकारी आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले विज्ञप्तिमार्फत दिएका हुन् ।


"मेरो विद्यालय, मेरो सहभागिता"

## श्री निर्मल माध्यमिक विद्यालय

हेटौंडा-१९, वस्तिपुर

को

## स्वर्ण महोत्सव

**कार्यक्रम समय तालिका:**

| क्र.सं. | मिति | समय | कार्यक्रम |
|---|---|---|---|
| १. | २०८२ पौष ८ गते | विहान ११ वजे | वागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय ईन्द्र ब. वानियाँ ज्यूबाट समुद्घाटन (स्तम्भ अनावरण, विद्यालय गीत र डकुमेन्ट्री सार्वजनिक, स्काउट मार्च प्रतियोगिता) |
| २. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगरप्रमुख श्री मीनाकुमारी लामाज्यूवाट पालिकास्तरीय पुरुष भलिवल प्रतियोगिता उद्घाटन |
| ३. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगर उपप्रमुख श्री राजेश वानियाँज्यू बाट जिल्लास्तरीय शिक्षक नृत्य प्रतियोगिता उद्घाटन |
| ४. | २०८२ पौष १० गते | विहान ८ वजे | प्रतिनिधिसभाका नि. माननीय श्री महेश वर्तौलाज्यूवाट सम्पूर्ण रोगहरुको उपचार सुविधासहित वृहत स्वास्थ्य शिविर, रक्तदान, उद्घाटन |
| ५. | २०८२ पौष १० गते | विहान ११ वज | नगरस्तरीय विद्यार्थी हाजिरीजवाफ प्रतियोगिता |
| ६. | २०८२ पौष ११ गते | विहान ११ वजे | माननीय कुमारी मुक्तानज्यूवाट नगरस्तरीय विद्यार्थी नृत्य प्रतियोगिता उद्घाटन |
| ७. | २०८२ पौष १२ गते | दिउसो ३ वजे | माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री दिनेशचन्द्र देवकोटाज्यूबाट समापन कार्यक्रम |

**नोट**: सास्कृतिक कार्यक्रम र खाना तथा व्यापार मिनि महोत्सव ५ दिन सम्म सञ्चालन रहनेछ । कार्यक्रमको श्रोत पूर्वाधारका कार्यहरु सरकारी निकायहरुवाट र वाकी समाजसेवी, अभिभावक, ईच्छुक महानुभावहरु र पुर्व विधार्थीहरुवाट उठाएको रकम ।

आयोजक:

**श्री निर्मल माध्यमिक विद्यालय स्वर्ण महोत्सव मूल समारोह समिति**

हेटौंडा-१९, वस्तिपुर, मकवानपुर



हेटौंडा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**आर्थिक विकास महाशाखा (कृषि र पशुपन्छी विकास शाखा)**

हेटौंडा, मकवानपुर ।

## अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानसम्बन्धी सूचना !

*(पहिलो पटक सूचना प्रकाशित मिति:२०८२।०९।१० गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय आर्थिक विकास महाशाखा अन्तर्गत कृषि र पशुपन्छी विकास शाखाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत संघीय सरकारबाट हस्तान्तरिततपसिल बमोजिमका कृषि कार्यक्रमको हकमा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२र पशुपन्छी कार्यक्रमको हकमाप्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ र प्रदेश सरकारवाट हस्तान्तरित तपसिल बमोजिमका कार्यक्रमहरु (शसर्त अनुदान) स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम सञ्चालन गर्न उपमहानगरपालिका क्षेत्र भित्रका कार्यविधिले तोकेबमोजिमका क्षेत्रहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति:२०८२।०९।३०गते) भित्रमा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपसिल:**

**कृषि विकास शाखा तर्फ**

| सि.नं | कार्यक्रमको नाम | वडा | बजेट | साझेदार संस्था/आवेदक | कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| **क. प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम** | | | | | | |
| १. | पुष्प खेती प्रवर्द्धन कार्यक्रम हे-०१ | हे-०१ | ५,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| २. | कृषि सहकारी संस्था मार्फत प्राकृतिक खेती प्रवर्द्धन कार्यक्रम हे-०६ | हे-०६ | ५,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ३. | कृषि सहकारी संस्थाको ३०% लागत साझेदारीमा कृषि उपकरण तथा टनेल खेती प्रवर्द्धन कार्यक्रम हे-०६ | हे-०६ | १०,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ४. | सहकारी संघ संस्थालाई कुटानी पिसानी मेसिन उपकरण सहयोग मकवानपुर हे-०८ | हे-०८ | १०,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ५. | कृषि व्यवसाय प्रवर्धन कार्यक्रम हे-०८ | हे-०८ | ५,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ६. | दलित वस्ती केन्द्रित साना सिँचाई कार्यक्रम हे- १२ | हे-१२ | १०,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ७. | साना सिँचाई प्रवर्धन कार्यक्रम हे- १३ | हे-१३ | १०,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ८. | तरकारी प्रवर्धन कार्यक्रम हे- १४ | हे-१४ | ५,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ९. | कृषि सहकारी संस्थाको सहकार्यमा लिची खेती कार्यक्रम हे- १८ | हे-१८ | १५,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| **ख. संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम** | | | | | | |
| १. | मकै बीउ उत्पादन कार्यक्रम | नगर भरी | ८,००,०००। | कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषिसँग सम्वन्धित समिति र कृषि व्यवसायीहरु | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |

**पशुपन्छी विकास शाखा तर्फ**

| सि.नं | कार्यक्रमको नाम | वडा | बजेट | साझेदार संस्था/आवेदक | कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| **क. प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम** | | | | | | |
| १. | उन्नत जातको गाई तथा बाख्रा वितरण कार्यक्रम हे-०५ | हे-०५ | १०,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| २. | दुग्ध सहकारी संस्थालाई भौतिक संरचना निर्माण र उपकरण खरिद हे-०८ | हे-०८ | १५,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ३. | पशुपालन प्रवर्द्धन कार्यक्रम हे-११ | हे-११ | १५,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ४. | बाख्रापालन प्रवर्द्धन कार्यक्रम हे-१५ | हे-१५ | १५,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ५. | पशुपालन (गाई) प्रवर्द्धन कार्यक्रम हे-१६ | हे-१६ | १०,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ६. | भैसी प्रवर्द्धन कार्यक्रम हे-१८ | हे-१८ | १०,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ७. | दुग्ध उत्पादक सहकारी संस्थालाई भौतिक पूर्वाधार सहयोग हे-१८ | हे-१८ | २५,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ८. | उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यक्रम | नगर भरी | १ करोड | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| ९. | दृष्टिविहिन तथा अपांगता भएका व्यक्तिहरुलाई कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम | नगर भरी | १०,००,०००। | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी उद्यमी | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| **ख. संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम** | | | | | | |
| १. | बाख्रा स्रोत केन्द्र कार्यक्रम | नगर भरी | ५,००,०००। | निजी फर्म, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी तथा कम्पनीहरु | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |
| २. | बंगुर प्रवर्द्धन कार्यक्रम | नगर भरी | ३,००,०००, | निजी फर्म, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी तथा कम्पनीहरु | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |

**आवश्यक कागजातहरू:**

१. निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि र पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२. संस्थाको हकमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित), कर चुक्ता र कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
३. संस्थाको स्थायी लेखा नम्बर (एब्ल) दर्ता प्रमाणपत्रको प्रतिलिपी र लेखा परीक्षण प्रतिवेदन।
४. कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी।
५. प्रस्ताव अनुसारको लागत अनुमान (प्रस्तावना)।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
७. सम्वन्धित सेवा केन्द्रको सिफारिस पत्र।
८. दोहोरो अनुदान नलिएको स्वघोषणा पत्र।

**नोट:** उत्पादनमा आधारित दुधमा प्रोत्साहनको हकमा कृषकलाई बैंक खाता मार्फत भुक्तानी दिनुपर्ने र बाख्रा स्रोत केन्द्र कार्यक्रमको हकमा न्यूनतम २० वटा प्रजनन् योग्य माउ बाख्रा हुनुपर्ने ।

*(निवेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, कृषि र पशुपन्छी विकास शाखा तथा सम्वन्धित सेवा केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध छ।)*

**हेटौंडा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, कृषि र पशुपन्छी विकास शाखा, हेटौंडा**

**सम्पर्क मो. ९८६१२३६२०६, ९८४५६२२४४४, ९८४५०१६४११, ९८४५९६७१८०**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना